बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

# थामीटार एग्रोभेट रिसर्च सेन्टर कार्यविधी, २०७७

कार्यपालिकाको

मिति २०७७/०९/२४ मा बसेको

४४ औं बैठकबाट स्वीकृत

बिगु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा

# थामीटार एग्रोभेट रिसर्च सेन्टर कार्यविधी, २०७७

कार्यपालिकाको
मिति २०७७/०९/२४ मा बसेको
४४ औं बैठकबाट स्वीकृत

प्रस्तावनाः

स्थानीय स्तरमा कृषि तथा पशु पालन कार्य परम्परागत र निर्वाहमुखी भएकोले त्यसले उत्पादनमा गुणात्मक र परिमाणात्मक बृद्धि हुन नसकी समग्र युवा जनशक्ति नै यो क्षेत्रबाट विमुख हुन लागेको परिस्थितिमा आधुनिक, वैज्ञानिक र अनुसन्धानमा आधारित कृषि तथा पशु पालन कार्यक्रमहरुलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने हेतुले स्थानीय तहमा एग्रोभेट रिसर्च सेन्टर स्थापना गर्न कार्यविधि बनाउन बाञ्छनीय भएकोले कार्यपालिकाको मिति २०७७/०९/२४ मा बसेको ४४ औं बैठकबाट यो " थामीटार एग्रोभेट रिसर्च सेन्टर कार्यविधि, २०७७" जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधीको नाम "थामीटार रिसर्च सेन्टर कार्यविधी, २०७७" हुनेछ।

ख) यो कार्यविधि विगु गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) "गाउँपालिका" भन्नाले बागमती प्रदेश सरकारको विगु गाउँपालिका सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले विगु गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "सम्बन्धित विषयगत शाखा" भन्नाले विगु गाउँकार्यपालिककाको कार्यलय अन्तर्गतको कृषि तथा पशु सेवा शाखा सम्झनु पर्दछ।

घ) "एग्रोभेट रिसर्च सेन्टर" भन्नाले कृषि वा पशु पालनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, नमूना कृषि उत्पादन गर्ने, बीउ विजन र उन्नत जातका बोका, बहर उत्पादन गरी विक्री वितरण गर्ने वा कृषि र पशुपालनको क्षेत्रमा सञ्चालन गरिने प्रवर्द्धनात्मक कार्यक्रम र त्यसको संरचनालाई सम्झनु पर्दछ।

ङ) "प्रस्तावक" भन्नाले लागत सहभागितामा रिसर्च सेन्टर स्थापना र सञ्चालन गर्न इच्छुक कृषि तथा पशु पालन व्यवसायी संघ संस्था, कृषि सहकारी, कृषि समूह, कृषि फर्म, कम्पनीलाई जनाउँदछ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

च) "सञ्चालक" भन्नाले रिसर्च सेन्टर स्थापना र सञ्चालन गर्न आवेदन दिएका प्रस्तावकहरुमध्येबाट प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिद्वारा यस कार्यविधी बमोजिम छनौट भएको प्रस्तावकलाई सम्झनु पर्दछ।

छ) "समिति" भन्नाले रिसर्च सेन्टर स्थापना र सञ्चालन गर्नको लागि आवेदन दिने प्रस्तावकहरुको प्रस्ताव उपर मूल्यांकन गरी उपयुक्त प्रस्तावक छनौट गर्न गठित दफा ८. घ) बमोजिमको समितिलाई सम्झनु पर्दछ।

ज) "न्यूनतम लागत सहभागिता" भन्नाले रिसर्च सेन्टर स्थापना र सञ्चालानको लागि सम्बन्धित स्थानीय तह र सञ्चालकका बीच द्विपक्षीय/बहुपक्षीय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ।

झ) "अनुदान" भन्नाले एग्रोभेट रिसर्च सेन्टर सञ्चालनको लागि छनौट भएको प्रस्तावकलाई यस कार्यविधि बमोजिम भुक्तानी दिइने सशर्त रकमलाई सम्झनु पर्दछ।

३. उद्देश्य

थामीटार एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालनको उद्देश्य देहाय बमोजिम हुनेछ।

क) कृषि वा पशु पालनको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने

ख) नमूना कृषि उत्पादन र प्रदर्शन गर्ने

ग) कृषि र पशुपालनको क्षेत्रमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने

घ) सम्बन्धित स्थानीय तहलाई कृषि र पशुपालनको क्षेत्रमा आवश्यक प्राविधिक र बौद्धिक सहयोग गर्ने

ङ) कृषि उत्पादनमा आत्म निर्भरता वढाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने

४. प्रस्तावकको रुपमा आवेदन गर्न सक्ने निकायहरु

क) व्यवसायिक कृषि तथा पशुपालन संस्था

ख) कृषि सहकारी

ग) कृषि समूह

घ) कृषि फर्म तथा कम्पनी

५. रकम उपयोग गर्न सकिने कार्यहरु

थामीटार एग्रोभेट रिसर्च सेन्टरको लागि प्राप्त हुने रकम देहाय बमोजिमको कार्यमा खर्च गर्न सकिनेछः-

क) एग्रोभेट रिसर्च सेन्टर स्थापनाको लागि भवन निर्माण र सुधार

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

ख) विभिन्न किसिमका कृषिजन्य उत्पादन, नर्सरी, कीटनाशक प्रविधी, पशु पालनको लागि बीउ पूँजी अन्तर्गत पशु पंक्षी तथा कृषिजन्य वस्तु खरिद र व्यवस्थापन

ग) एग्रोभेट रिसर्च सेन्टरमा आवश्यक कृषि र पशुपालन सम्बन्धी उपकरण र प्रयोगशाला

घ) एग्रोभेट रिसर्च सेन्टर विषयक अध्ययन अनुसन्धान र अन्य बौद्धिक तथा पेशागत कार्य

ङ) बिजुली बत्ती, ढल निकास, ओभर हेड टयाङ्की, पाइप फिटिङ, ओभर हेड सेनिटाइजर, वेस्ट डिस्पोजल, पानी तान्ने मेशिन जडान आदि

च) कार्यपालिकाको निर्णय बमोजिम सञ्चालकले उचीत ठहऱ्याएका अन्य कार्यहरु

**६. एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालन हुने स्थान**

"थामीटार एग्रोभेट रिसर्च सेन्टर विगु ५" भनी प्रदेश सरकारको सशर्त अनुदानको रुपमा बजेट प्राप्त हुने भएकोले विगु गाउँपालिकाको वडा नं ५ मा यो कार्यक्रम सञ्चालन हुनेछ।

**७. एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालन सम्बन्धी जिम्मेवारी र दायित्व**

क) एग्रोभेट रिसर्च सेन्टर स्थापनाको सन्दर्भमा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानी सम्बन्धी जिम्मेवारी र दायित्व सम्बन्धित विषयगत शाखाको हुनेछ।

ख) सम्झौता बमोजिमको कार्य निर्धारित समय सीमा भित्र इमान्दारिता तथा पारदर्शिता कायम राखी उच्च गूणस्तर सहित सम्पन्न गर्ने दायित्व सम्बन्धित सञ्चालकको हुनेछ।

ग) सञ्चालकले एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालनको लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय वा क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ।

घ) सञ्चालकले एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित विषयगत शाखा र कार्यपालिकामा पेश गर्नुपर्नेछ।

**८. एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालन प्रक्रिया**

यो कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछः-

क) गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रम मुताविक **अनुसूची-१** बमोजिम १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

ख) कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुले **अनुसूची-२** बमोजिम आवश्यक कागजातहरु सहित तोकिएको निकाय र समयमा प्रस्ताव दर्ता गराउनुपर्नेछ।

ग) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन।

घ) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसको लागि निम्न बमोजिमको प्रस्ताव मूल्यांकन तथा सिफारिस समिति रहनेछः-

अ) गाउँपालिका अध्यक्ष — संयोजक

आ) गाउँपालिका उपध्यक्ष — सदस्य

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

इ) कार्यक्रम सञ्चालन हुने वडाको वडाध्यक्ष- सदस्य

ई) गाउँपालिकाको आर्थिक समितिको संयोजक- सदस्य

उ) सम्बन्धित विषयगत शाखाको प्रमुख- सदस्य-सचिव

समितिले कार्यपालिकासँग समन्वय गरी आवश्यकता अनुसार बढीमा दुई जना सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

ङ) रीतपूर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौटको लागि माग गरेका आवश्यक कागजातहरु भए नभएको सूची पेश गर्नको लागि प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिले सम्बन्धित शाखाको कुनै कर्मचारीलाई तोक्न सक्नेछ।

च) प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरी फिल्ड भेरिफिकेसन गर्न सक्नेछ तथा आवश्यक ठानेमा समिति स्वयंले सिफारिस पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ।

छ) प्रस्ताव मूल्यांकन तथा सिफारिस समितिले प्राथमिकीकरण गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नेछ।

**९. सम्झौता**

क) स्वीकृत प्रस्तावका आवेदकलाई गाउँपालिकाले कार्यविधि बमोजिम सम्झौताको लागि १५ दिनको सार्वजनिक सूचना सार्वजनिक जारी गर्नेछ। तोकिएको अवधिभित्र द्विपक्षीय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकलाई ७ दिनको सूचना दिई सम्झौता गर्न बोलाउन सकिनेछ।

ख) द्विपक्षीय सम्झौतालाई एग्रोभेट रिसर्च सेन्टर स्थापना तथा सञ्चालनको मूल आधार मानिनेछ।

**१०. सञ्चालक छनौटका आधारहरु**

क) सूचना प्रवाह हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, कम्पनी, व्यवसायिक कृषि तथा पशुपालन फर्म, निजी उद्यमी वा व्यवसायी मात्र एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालनका लागि योग्य मानिनेछन्।

ख) विगत ३ वर्षभित्र कृषि तथा पशुपंक्षी विकास मन्त्रालय (संघीय), भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदक सञ्चालकको लागि योग्य हुनेछैन।

ग) छनौट भएको प्रस्तावकले कम्तिमा दश वर्षसम्म एग्रोभेट रिसर्च सेन्टर सञ्चालन गर्ने प्रतिबद्धता पत्र पेश गर्नुपर्नेछ।

घ) एग्रोभेट रिसर्च सेन्टर स्थापना गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तीय, र भौगोलिक रुपले समेत उपयुक्त स्थान हुनु पर्नेछ।

बिगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

ङ) एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालनको लागि आवेदन दिने प्रस्तावकको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

च) रकमको दुरुपयोग भएको पाइएमा त्यस्तो सञ्चालकबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारबाही गरिनेछ।

छ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायि लेखा नंबर प्राप्त गरेको र कुनै कारबाहीमा नपरेको हुनु पर्नेछ।

११. न्यूनतम लागत सहभागिता

क) एग्रोभेट रिसर्च सेन्टरमा प्रस्तावकको न्यूनतम लागत सहभागिता कम्तिमा बीस प्रतिशत हुनेछ।

ख) समान हैसियतका प्रस्तावहरु छनौट गर्नुपर्ने स्थितिमा लागत सहभागिता बढी हुनेलाई छनौट गर्न सकिनेछ तर लागत सहभागिता बढी भएको कारणले मात्रै कुनै प्रस्ताव छनौट गरिने छैन।

ग) लागत सहभागिता सम्बन्धी कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१२. अनुगमन र मूल्यांकन

क) सान्दर्भिकता अनुसार सम्बन्धित सरोकारवालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्वन्धित गाउँपालिकाका प्राविधिक कर्मचारीहरुबाट अनुगमन/मूल्यांकन गर्न सकिनेछ।

ख) अनुगमन टोलीले रिसर्च सेन्टर सञ्चालनको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनलाई पालना गर्नु सम्बन्धित सञ्चालकको दायित्व हुनेछ।

ग) सञ्चालकले रिसर्च सेन्टर स्थापना हुने स्थानमा समग्र कामको विवरण, अनुदान रकम, सम्झौता मिति, सहयोगी निकाय, रिसर्च सेन्टर सञ्चालन हुने अवधि लगायतका विवरण स्पष्ट रुपमा देखिने गरी राख्नु पर्नेछ।

१३. भुक्तानी प्रक्रिया

क) सञ्चालकले सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको बिल/विजक, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजातसहित भुक्तानीको लागि लिखित रुपमा अनुरोध गरेपश्चात गाउँपालिकाले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा भुक्तानी दिन सक्नेछ।

ख) वार्षिक स्वीकृत कार्यक्रमको परिधि भित्र रही रिसर्च सेन्टर स्थापना र सञ्चालनको लागि प्रदान गरिने अधिकतम अनुदान रकमको सीमा तोकिनेछ।

ग) सञ्चालकले कार्य सम्पन्न भए पश्चात सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनुवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन भुक्तानीको समयमा कार्य सम्पन्न प्रतिवेदन सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ।

घ) अनुदान रकम सञ्चालकको बैंक खाता मार्फत भुक्तानी दिईनेछ। नियमानुसारको कर कट्टा गरिनेछ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

## १४. बीमा

सम्भाव्यताको आधारमा एग्रोभेट रिसर्च सेन्टरमा राखिने पशु पंक्षी र अन्य उत्पादनको बीमा गराउनु सञ्चालकको दायित्व हुनेछ।

## १५. प्रचलित कानून लागु हुने

रिसर्च सेन्टर स्थापना र सञ्चालनको सम्बन्धमा यस कार्यविधीमा उल्लेख भएको विषयमा यसै वमोजिम तथा कार्यविधीमा उल्लेख नभएको विषयमा प्रचलित कानून वमोजिम हुनेछ।

## १६. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

क) कार्यविधी कार्यान्वयनका सन्दर्भमा कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ।

ख) कार्यविधी कार्यान्वयनमा बाधा अड्चन आएमा वा विवाद उत्पन्न भएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

ग) कार्यविधीलाई आवश्यकता अनुसार कार्यपालिकाले खारेजी वा संशोधन गर्न सक्नेछ।

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

अनुसूची-१

## एग्रोभेट रिसर्च सेन्टर सञ्चालनको लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०९/२४

विगु गाउँपालिकाको लागि बागमती प्रदेश सरकारको सशर्त अनुदानको रुपमा स्थापना र सञ्चालन हुने "थामीटार एग्रोभेट रिसर्च सेन्टर विगु ५" कार्यक्रमको सम्बन्धमा सम्बन्धित कार्यविधीले तोके बमोजिमका शर्तहरु पालना गरी एग्रोभेट रिसर्च सेन्टर स्थापना र सञ्चालन गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र विगु गाउँ कार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ। रित नपुगी वा म्याद नाघी दर्ता हुन आएका प्रस्तावहरु छनौटको लागि समावेश हुन नसक्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। थप जानकारीको लागि विगु गाउँ कार्यपालिकाको टेलिफोन नंबर ०४९-४१०१०९ मा सम्पर्क राख्न वा www.bigumun.gov.np मा गई "थामीटार एग्रोभेट रिसर्च सेन्टर कार्यविधी, २०७७" डाउनलोड गर्न सकिनेछ।

**कार्यक्रम विवरण**

| कार्यक्रमको नाम | संख्या | न्यूनतम साझेदारी रकम | प्रस्ताव पेश गर्न सक्ने सम्बन्धित साझेदारहरु |
|---|---|---|---|
| थामीटार एग्रोभेट रिसर्च सेन्टर विगु ५ | १ | २० प्रतिशत | व्यवसायिक कृषि तथा पशुपालन संस्था, कृषि सहकारी वा कृषि समूह, कृषि फर्म तथा कम्पनी। |

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

## अनुसूची-२

## एग्रोभेट रिसर्च सेन्टरको लागि प्रस्तावकले पेश गर्नुपर्ने कागजातहरु

१. रु. १,०००/- राजस्व दाखिला गरेको भौचर

२. प्रस्ताव दर्ता गरिदिने सम्बन्धमा दिएको आवेदन

३. व्यवसाय योजना (Business Plan)

४. लागत साझेदारीको प्रतिबद्धता पत्र

५. समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

६. एग्रोभेट रिसर्च सेन्टर स्थापनाको लागि जग्गाको स्वामित्व देखिने कागजात

७. लिजमा लिएको जग्गा भए कम्तिमा दश वर्षको करारनामा वा सम्झौता पत्र

८. प्रचलित कानून बमोजिम संस्था/फर्म/व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी

९. VAT वा PAN मा दर्ता भएको प्रमाणको प्रतिलिपी

१०. सहकारी/साझेदारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी

११. अघिल्लो आ.व. को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी

१२. रिसर्च सेन्टर स्थापना गर्ने स्थानको फोटो

१३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

१४. प्रस्तावकको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक ब्यालेन्स, आदि)

१५. कम्तिमा दश वर्ष एग्रोभेट रिसर्च सेन्टर सञ्चालन गर्ने प्रतिबद्धता पत्र

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल